# "मनाङ डिस्याङ गाउँपालिकाको सुनौलो हजार दिन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०"

प्रस्तावना : मनाङ डिस्याङ गाउँपालिकामा गरिविको कारण बालबालिकामा दिर्घ कुपोषणबाट ग्रस्त रहेको यथार्थलाई मध्यनजर गर्दै खाद्य सुरक्षा को सुनिश्चतता गरि पोषण सुरक्षा समाधानको लागि मनाङ डिस्याङ गाउँपालिकाको कृषि शाखाले सञ्चालन गर्ने सुनौलो हजार दिन कार्यक्रमलाई पारदर्शी बनाउन तथा वास्तविक लाभग्राहिलाई सेवा प्रदान गर्न आवश्यक भएकाले नेपालको संविधान २०७२ को धारा २३२ प्रयोग गरि मनाङ डिस्याङ गाउँपालिकाले यो कार्य कार्यविधि लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** १) "यस कार्यविधिको नाम मनाङ डिस्याङ गाउँपालिकाको सुनौलो हजार दिन कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० रहेको छ"।

२) यो कार्यविधि कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ।

२ परिभाषा :

**विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

"गाउँपालिका भन्नाले " मनाङ डिस्याङ गाउँपालिका सम्झनु पर्छ।

"अध्यक्ष भन्नाले"मनाङ डिस्याङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

"उपाध्यक्ष भन्नाले" मनाङ डिस्याङ गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

"प्रमुख प्रशासकीय अधिकृत भन्नाले" मनाङ डिस्याङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

"वडा भन्नाले" मनाङ डिस्याङ गाउँपालिकाका वडाहरु सम्झनु पर्छ।

"सुनौलो हजार दिन भन्नाले" महिला गर्भवति भए देखि बच्चाको २बर्ष उमेर सम्मको अवधिलाई जनाउँछ।

"कुपोषण भन्नाले " व्यक्तिको शारिरिक आवश्यकता अनुसार पौष्टिक तत्वयुक्त खानाको अभावको अवस्थालाई सम्झनु पर्छ"।

"पोषण भन्नाले " बालबालिका महिला वा अन्य व्यक्तिको शारीरिक अवस्था अनुसार पर्याप्त पोषण युक्त खानाको पर्याप्ततालाई सम्झनु पर्छ।

"सेवा ग्राही भन्नाले" यस सुनौलो हजार दिन कार्यक्रमबाट लाभान्वित हुने व्यक्ति सम्झनु पर्छ।

"प्लाष्टिक टनेल(घर) भन्नाले" १२० जिएस एमको सिल्पाउलिन तथा यु.भि प्लाष्टिकवाट निर्मित प्लाष्टिक टनेल वा घर सम्झनु पर्छ।

**३.कार्यविधिको उदेश्यः** मनाङ डिस्याङ गाउँपालिकाका सुनौलो हजार दिनका महिला तथा बालबालिकाको पोषण तथा स्वास्थ्यमा सुधार गरि खाध्य सुरक्षामा योगदान पुर्याउनु।

४. कार्यक्रमका लाभग्राहीहरुः

- गर्भवति महिला तथा

-६ महिना देखि २४ महिनासम्मको बालबालिकालाई स्याहार गर्ने व्यक्तिहरु।

५. यस कार्यक्रम अन्तर्गत प्लाष्टिक टनेल निर्माणको लागि प्लाष्टिक वितरण गरिने छ।

६. टनेल घर सम्बन्धि मापदण्ड

क) प्लाष्टिक टनेल घर ३ मिटर चौडाई र ६ मि. सम्म लम्वाई हुनु पर्ने छ।

ख) टनेल निर्माणको लागि टनेल घरको धुरी खाँवा २.७५ मिटर अग्लो ३ वटा धुरी खाँवा हुनु पर्ने छ भने ५० से.मि माटो मुनि गाडेको हुनु पर्ने छ।

ग) बलेसिको खाँवा कम्तिमा ३/३ गरि ६वटा हुनु पर्ने छ। र छेउको खाँवा २ मि अग्लो हुनु पर्ने छ। भने कम्तिमा ५०सेमि माटो मुनि गाडेको हुनु पर्ने छ।

घ) भाटा वा डाँडा कम्तिमा १०वटा हुनु पर्ने छ।

ङ) प्लाष्टिक घर निर्माण गर्दा बाँस वा अन्य उपयुक्त काठको प्रयोग गर्न सकिनेछ।

७. गाउँपालिकाको सुनौलो हजार दिन कार्यक्रम अन्तर्गत प्लाष्टिक उपलब्ध गराउने विधि

क) गाउँपालिकाले प्लाष्टक टनेल (घर) को लागि तोकियको ढाँचामा ७ (सात) दिने सूचना प्रकाशन गर्ने छ।

ख) सुचनामा तोकिए बमोजिमको ढाँचाको निवेदन तथा वडा कार्यालयको सिफारिस साथै अन्य सुचनामा तोकिए बमोजिमको अन्य कागजातहरु निवेदक ले पेश गर्नु पर्ने छ।

ग) निवेदकले प्लाष्टिक घर निर्माण गरिसके पछि मात्र प्लाष्टिक उपलब्ध गराईने छ, यदि घर निर्माण गरिएको छैन भने प्लाष्टिक उपलब्ध गराईने छैन।

घ) प्लाष्टिक वितरण गर्नु पुर्व/पछि कृषि समिति वा कृषि प्राविधिकले अनुगमन गर्नेछन।

यदि झुटो विबरण पेश गरि प्लाष्टिक लिईएको पाईएमा कानुन वोजिम असुल उपर गरिनेछ।

ङ) प्लाष्टिक वितरण गर्दा कुनै विवाद आएमा कृषि समितिको निर्णय अन्तिम हुने छ।

च) घर निर्माण गर्दा आवश्यक काठ खरिद गरे वापत निवेदक संख्या हेरि सहुलियत स्वरुप केहि रकम उपलब्ध गर्न सकिनेछ।

छ) प्लाष्टिक घर निर्माण भई सके पछि अनुदान स्वरुप पाउने रकम प्राविधिकहरुको फिल्ड अनुगमन/मुल्याङकन प्रतिवेदन पश्चात सो रकम कृषकहरुलाई दिईने ।

८. विविध

१) कार्यक्रमको लेखा परिक्षण कानुन बमोजिम हुनेछ।

२) **परिमार्जन तथा संसोधन** :कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले परिमार्जन तथा संसोधन गर्न सक्ने छ।

३) **बाधा अड्काउ फुकाउने**: कार्यविधिमा कुनै वाधा र समस्या आएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्नेछ।